राष्ट्रिय सूचना आयोग

का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७६/७७
च. नं.

सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष राष्ट्रिय सूचना आयोगद्वारा आयोगको बार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धी प्रेस विज्ञप्ती

- राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०७६।७७ मा आफूले गरेका काम कारवाहीको बार्षिक प्रतिवेदन सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २५ को उपदफा १ बमोजिम व्यवस्थापिका संसदमा पेश गर्नका लागि २०७७ साल चैत १३ गते सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरेको छ । उक्त प्रतिवेदन आयोगले सोही दफाको उपदफा २ बमोजिम सर्बसाधारणको जानकारीका लागि सार्वजनिक रुपमा प्रकाशन गर्नुका साथै आयोगको वेवसाईटमा नेपाली र अंग्रेजी भाषामा राखिने छ ।
- उक्त अवसरमा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले संवैधानिक रुपमा व्यवस्था भएको महत्वपुर्ण मौलिक हकको कार्यन्वयनका लागि आयोग लागि परेको र वार्षिक प्रतिवेदनमा आर्थिक वर्ष २०७६।७७ का अवधिका आयोगवाट भएका काम कारवाहीहरु समेटीएको जानकारी गराउदै आयोगका तर्फवाट राखिएका सुझावहरुका वारेमा पनि उल्लेख गर्नु भएको थियो । उक्त अवसरमा आयोगका आयुक्तहरु श्री कमला ओली थापा, श्री रत्न प्रसाद मैनाली र आयोगका सचिव डा. मुकुन्द प्रसाद पौडेल र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।
- नेपालको संबिधानको धारा २७ मा रहेको सूचनाको हक सम्बन्धी व्यवस्था र सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ११ बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्ने कामका लागि गठीत राष्ट्रिय सूचना आयोगले सूचना माग गर्दा नपाएको कारणवाट प्राप्त हुने पुनरावेदन उपर गरेका आदेश, सूचनाको हकको प्रचलनका लागि दिइएका विभिन्न निर्देशन, संरक्षण र सम्वर्द्धनका लागि सरोकारवाला, कार्यालय प्रमुख तथा सूचना अधिकारीहरुसंग गरिएका कार्यक्रम र सूचनाको हकको संरक्षणका लागि आगामी दिनमा गर्न पर्ने नीतिगत तथा कार्यन्वयनगत सुझावहरु समेटी वार्षिक प्रतिवेदन तयार भएको छ ।
- आयोगमा यस अवधिमा सूचनाको हक सम्वन्धी ऐनको दफा १० बमोजिम सार्वजनिक निकायहरुवाट सूचना प्राप्त नभएको भनि १०१३ वटा पुनरावेदनका उजुरीहरू प्राप्त भएका थिए । यसरी प्राप्त पुनरावेदन उजुरीहरूमध्ये सबैभन्दा बढी ५२.४ प्रतिशत स्थानीय तहसँग सम्बन्धित थिए भने, शिक्षा, स्वास्थ्य तथा खेलकुदसँग संम्बन्धीत ९.३ प्रतिशत, आर्थिक क्षेत्रसँग सम्बन्धित ५.५ प्रतिशत, कानून, न्याय र प्रशासनसँग सम्बन्धीत ५.५ प्रतिशत रहेका थिए । यसरी प्राप्त पुनरावेदनहरु उपर आयोगले विभिन्न आदेशहरु मार्फत शत प्रतिशत फछ्र्यौट गरेको छ ।

- आयोगले सूचनाको हकको सम्बर्द्धन तथा प्रचलनका लागि अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गरेको थियो । उच्च अदालत तुल्सीपुर, बुटवल, पाटन, विराटनगर तथा विशेष अदालत न्यायाधीशहरू र कानून व्यवसायीहरूसँग गरिएका अन्तरक्रिया कार्यक्रमहरू अत्यन्त लाभदायक रहेका थिए । त्यस्तै आयोगले राजनैतिक दलहरु तथा प्रदेश स्तरका सांसदहरुसंग पनि सूचनाको हकका विषयमा छलफल सम्पन्न गरेको थियो ।
- आयोगले आर्थिक बर्षभित्र सूचनाको हकका अभियन्ताहरूसँग, सूचना मागकर्ताहरूसँग, पुनरावेदन अदालतका न्यायाधीशहरू तथा कानूनविदहरूसँग अन्तरक्रिया कार्यक्रम गरी सूचनाको हकको कार्यान्वयनमा सबैको सहभागिता सुनिश्चित गराएको छ । साथै महोत्तरी, पाल्पा, गुल्मी, डोल्पा, नवलपरासी, सुस्तापूर्व, संखुवासभा, रुकुम पूर्व, सल्यान जिल्लाहरूमा कार्यालयम प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी, अभियन्ताहरूलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी सूचनाको हकका कानूनी र व्यवहारिक विषयहरूमा जानकारी दिनुका साथै छलफल गरेको थियो । आयोगले सूचनाको हकमा महिला सशक्तीकरणको कार्यक्रम पनि सञ्चालन गरेको थियो ।
- सूचनाको हक सम्बन्धमा आयोगबाट अनुगमन तथा मूल्याङ्कनका कार्यहरू पनि भएका थिए । आर्थिक वर्ष २०७६/७७ मा झापा, मोरङ्ग, कैलाली, कञ्चनपुर, गुल्मी, अर्घाखाँची, रूपन्देही, स्याङ्गजा लगायतका जिल्लाका सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी अनुगमन तथा मुल्यांकनको काम भएको थियो ।
- आयोगले यस अवधिमा सूचनाको हकवाट कुनै पनि नागरिक वञ्चित हुनु नपरोस, सुसुचित हुने अवसर प्राप्त होस भनि सार्वजनिक चासो र सरोकारका विषयमा देहाय बमोजिमका आदेशहरु जारी गरेको छ:
    - कोरोना महामारी नेपालमा पनि प्रवेश गर्न सक्ने भएकोले २०७६ माघ १९ गते कोरोनाका विषयमा सवै नेपालीले बुझ्ने भाषामा सूचना प्रचार प्रसार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका नाममा दिएको आदेश
    - कोरोनाका कारण संक्रमित तथा मृतकको विवरण दिंदा व्यक्तिगत सूचनाको गोप्यता कायम गर्दै थप स्पष्ट वा द्विविधा नहुने गरी विवरण सार्वजनिक गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका नाममा दिएको मिति २०७७।०२।०६ को आदेश
    - कोरोना महामारीका लागि सार्वजनिक निकायहरुवाट भएका कार्यहरु तथा खर्च लगायतका विषयमा सार्जजनिक गर्दै जान संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई मिति २०७७।०२।०६ को १६ बुंदे निर्देशन
    - संघीय संसद, प्रदेश सभा र स्थानीय तहबाट आगामी दिनमा कानूनमा गरिने संशोधन वा परिमार्जन तथा नयाँ कानून निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिमका बाहेक कुनै पनि विषयलाई कानूनीरूपमा गोप्य नराख्ने गरी व्यवस्था गर्न सबै विषयगत समितिहरूलाई अनुरोध गरिएको
    - स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवका नाममा डेंगु तथा कोरोना भाइरसबाट बच्न र त्यसबाट संक्रमित व्यक्तिको गोपनियतालाई मध्यनजर गरी आमनागरिकलाई सुसूचित गराउन आदेश जारी गरिएको थियो ।

- कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिवका नाममा किसानले लकडाउनको समयमा मल, बीउ, किटनाशक औषधिलगायत प्राविधिक सहयोग कहाँ र कसरी प्राप्त गर्न सक्दछन् सो सम्बन्धमा सबै कृषकलाई सुसूचित गराउन आदेश जारी गरिएको थियो।

- सूचना दिन अटेर गर्ने दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा, ईशनाथ नगरपालिकाको कार्यालय, रौतहट र नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारीलाई आयोगले दण्डित गरेको थियो।
- बन्दाबन्दीको समयमा प्रत्यक्ष संलग्न निकायमा गई अनुगमन गर्न नसकिएको अवस्थामा आयोगबाट विभिन्न १२० निकायहरुको वेवमा आधारित अनुगमन गरिएको थियो । अध्ययन गरिएको कार्यालय संख्या १२० मध्ये सूचना अधिकारी ९१ ले तोकेको, २९ ले नतोकेको, सूचना अधिकारीको सर्म्पक विवरण राखेको सार्वजनिक निकाय ९१ नराखेको सार्वजनिक निकाय २९ ड्डस्वतः प्रकाशन गर्ने सार्वजनिक निकाय ३० नगर्ने सार्वजनिक निकाय ९० रहेको । अनुगमनवाट सूचनाको हक सम्वन्धी कानूनी व्यवस्थाको कार्यन्वयनमा सार्वजनिक निकायहरुको उदासिनता रहेको देखिन्छ ।
- आयोगद्वारा प्रत्येक बर्ष प्रदान गरिँदै आएको सूचनाको हकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने अभियन्तालाई प्रदान गरिने पुरस्कारलाई राष्ट्रिय सूचना आयोगका पहिलो प्रमुख सूचना आयुक्त स्व. विनयकुमार कसजूले सूचना आयोग तथा सूचनाको हकको प्रबर्द्धनमा उल्लेखननीय योगदान गरेकोले कदरस्वरुप उहाँको नाममा “विनय कसजू पुरस्कार’ नामाकरण गरिएको ।
- आयोगका पदाधिकारीहरुको आचार संहिता पहिलोपटक पारित गरिएको छ ।
- आयोगले यस भन्दा अगाडी आयोगवाट दिइएका सुझावहरुमा समर्थन र सहमति गर्दै कार्यन्वयनका लागि अफि गर्दै यस अवधिमा गरेका अनुभव तथा विभिन्न समयमा प्राप्त सूझावका आधारमा देहाय बमोजिमका थप सुझावहरु पेश गरेको छः
    - सूचनाको हकको प्रभावकारी कार्यान्वयनको उच्चतहबाट नै जिम्मेवारी लिने, समन्वय गर्ने व्यवस्था गर्न केन्द्रमा सम्माननीय प्रधानमन्त्री वा सम्माननीय प्रधानमन्त्रीले तोकेको वरिष्ठ उपप्रधानमन्त्रीको संयोजकत्वमा समन्वय समिति र प्रदेश र स्थानिय तहका सार्वजनिक निकायहरूका हकमा प्रदेशका मूख्यमन्त्रीको संयोजकत्वमा समन्वय समिति गठन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन उपयुक्त हुने ।
    - सूचनाको हकको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सूचना अधिकारीलाई सक्षम सवल अधिकारसम्पन्न तथा प्रोत्साहित बनाउन नियमित रूपमा प्रशिक्षण दिने व्यवस्था तथा श्रोत साधनले युक्त बनाउने र सूचना मागकर्ताले सजिलै सम्पर्क गर्ने सहजताका लागि सूचना अधिकारीलाई स्थायी प्रकारको मोवाइल सेट, सीम कार्ड, तथा इन्टरनेट सुविधा उपलव्ध गराईनुको साथै देहाय बमोजिम गर्न आवश्यक देखिन्छ ।
    - ५० जना भन्दा बढी कर्मचारी रहने वा रु २० करोड भन्दा बढी बार्षिक बजेट हुने सार्वजनिक निकायहरूले छुट्टै सूचना शाखा नै स्थापना गर्नु पर्ने ।
    - सूचना अधिकारीबाट सूचना उपलव्ध गराउन, अभिलेख राख्न, स्वतः प्रकाशन गर्न, सूचना नियमित रूपमा प्रवाह गरिरहन र भौतिक सुविधा व्यवस्थापन गर्न प्रत्येक

सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी कार्यक्रमका लागि प्रत्येक वर्ष छुट्टै बजेट शीर्षकबाट बजेट विनियोजन गर्ने व्यवस्था गर्न पर्ने ।

- सूचनाको हकको महत्वलाई ध्यानमा राखी प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी तोक्दा प्रमुख भन्दा एक तह मुनिको पदाधिकारीलाई तोक्ने व्यवस्था गर्न पर्ने ।
- सिंहदरवारको परिसर भित्र अवस्थित मन्त्रालय तथा कार्यालयहरूको हकमा सुरक्षाका कारण सर्वसाधारणलाई परिसर भित्र प्रवेश गर्न सहज गर्न सहज वातावरण नभएको अवस्थामा सूचना माग गर्ने नागरिकलाई सूचना माग गर्न सहजताका लागि सिंहदरवार प्रवेश द्वारमा सूचनाको हकसम्बन्धी डेस्क राखी प्राप्त सूचनाको हकसम्बन्धी आवेदन दर्ता गरी निस्सा प्रदान गर्ने, प्राप्त आवेदन सम्बन्धित निकायमा पुऱ्याउने र सार्वजनिक निकायबाट प्राप्त सूचना सूचना मागकर्तालाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २७ ले सूचनाको वर्गीकरण गर्ने कार्य अबिलम्ब सम्पन्न गर्न पर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २९ ले सूचनादाताको संरक्षण सम्बन्धी महत्वपूर्ण व्यवस्था गरेको छ । यसको कार्यान्वयन हुँदा सार्वजनिक निकायहरूमा हुन सक्ने अनियमितता नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह हुन सक्ने हुँदा यसको कार्यान्वयनका लागि सूचनादाताको संरक्षण सम्बन्धी नियमावली ल्याउनु पर्ने ।
- नेपालको संविधानले नेपाली भाषाका साथ साथै राष्ट्रभाषालाई मान्यता दिन सकिने व्यवस्था गरेको हुँदा सार्वजनिक निकायहरूले नेपाली भाषाका साथ साथै स्थानीय राष्ट्रभाषामा पनि सूचना प्रवाह, प्रकाशन वा प्रसारण गर्ने व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूले मिलाउने ।
- सार्वजनिक निकायको नेतृत्व वा उच्च पदमा पुग्ने व्यक्तिमा सदाचार, सुशासन, जवाफदेहिता, पारदर्शिता प्रतिको प्रतिवद्धताले महत्वपूर्ण भुमिका खेल्छ भन्ने कुरामा कुनै दुई मत हुन सक्दैन । तसर्थ सूचनाको हकको कार्यान्वयनलाई सार्वजनिक निकायको उच्च पदमा पुग्ने मूल्याङ्कनको आधार बनाउन आवश्यक र उपयुक्त रहेको हुँदा राजनैतिक नियुक्ति वा बढुवा गर्दा यस आयोगबाट सजाय भए नभएको बुझि सजाय नभएको व्यक्तिलाई मात्र नियुक्तिको व्यवस्था गर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २५ मा भएको व्यवस्था बमोजिम आयोगले आफ्नो बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री समक्ष पेश गर्ने गरेको छ तर यस प्रतिवेदन उपर व्यवस्थापिका संसद वा संसदीय समितिमा छलफल हुने गरेको छैन । यस वर्षको बार्षिक प्रतिवेदन प्रदेश सरकार मार्फत प्रदेश सभा र स्थानीय तहमा पनि आयोगले उपलब्ध गराउने छ । बार्षिक प्रतिवेदन उपर व्यवस्थापिका संसद वा सम्बन्धित संसदीय समिति, प्रदेश सभा वा विषयगत समिति र स्थानीय तह वा विषयगत समितिमा छलफल हुँने व्यवस्था गर्नपर्ने
- लोकतान्त्रिक पद्धतीमा जनताका लागि जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूबाट सृजित सार्वजनिक निकायहरूले गर्ने कियाकलापहरू निर्णयहरू नीतिहरू गोप्य रहनु हुदैन भन्ने मान्यता अनुरूप संवैधानिक रूपमा सूचना माग्न पाउने र सूचना प्राप्त गर्ने हक नागरिकमा रहेकोले सीमित विषयहरूमा मात्र सूचना प्रवाह गरिने छैन

भनिएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बाहेकका विषयमा गोप्य रहने गरी कानूनको निर्माण नगर्ने र गोप्य रहने गरी रहेका प्रचलित कानूनहरू संसोधन गरी त्यस्तो व्यवस्था हटाउने तर्फ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट पहल हुन पर्ने ।

- सूचनाको माग गरेको र प्राप्त गरेको विवरण सार्वजनिक निकायमा रहने हुँदा यस प्रकारको अभिलेख अनिवार्य रूपमा राख्न र आयोगमा उपलव्ध गराउनका साथै स्वतः प्रकाशन गर्न गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूलाई निर्देशन हुनुपर्ने ।
- एउटा निश्चित प्रकारको कानूनी प्रकृया पुरा गरी संवैधानिक दायित्व निर्वाह गर्न गठन गरिएको आयोगलाई विश्वास गर्न र जिम्मेवार बनाउन आवश्यक छ । सूचनाको हकको कार्यान्वयन गर्न गठित आयोगलाई स्वतन्त्र आयोग कानूनले नै मानेको सन्दर्भमा नेपाल सरकारले आयोगसँग छलफल गरी आयोगलाई एकमुष्ट वजेट उपलव्ध गराउने र आयोगले प्रचलित कानूनको परिधि भित्र रही स्वीकृत गरेको कार्यक्रमहरूमा खर्च गर्न पाउने व्यवस्था हुनुपर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २१ मा "आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ" भन्ने व्यवस्था गरेको र नेपालको संविधानले तीन तहको शासकीय संरचना बनाएको र प्रदेश तथा स्थानीय स्तरका सार्वजनिक निकायहरूबाट नागरिक तहमा अधिकतम सेवा प्रवाह हुने सन्दर्भमा यसका शुरुआती चरणमा आयोगले प्रत्येक प्रदेशमा थोरै कर्मचारी रहने गरी एक एक वटा सम्पर्क कार्यालय खोल्न आवश्यक देखिएको छ ।
- आयोग स्थायी प्रकृतिको भएको र हालसम्म पनि आफ्नो जग्गा वा भवन नभएकोले भाडामा बस्नु परिरहेको अवस्था हुँदा प्रत्येक वर्ष भाडा बृद्धि भई नै रहेको सन्दर्भमा नेपाल सरकारले आयोगका लागि उपयुक्त भवन वा जग्गा उपलव्ध गराई भवन निर्माण गर्ने व्यवस्था गर्ने ।

कमला ओली थापा

सूचना आयुक्त तथा प्रवक्ता

२०७७ चैत १३ शुक्रवार